नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# शिक्षा तथा मानव स्रोत विकास केन्द्र

(शैक्षिक सूचना तथा व्यवस्थापन शाखा)

सानोठिमी, भक्तपुर

प.स.:शै.सू.व्य.२०७९/८०

च.नं. : ३८

मिति: २०७९।११।२१

**विषय :कार्यक्रम तथा बजेटका लागि आधारभूत विवरण अद्यावधिक गर्ने सम्बन्धमा ।**

**श्री स्थानीय तह**
**सबै ।**

प्रस्तुत विषयमा आर्थिक बर्ष २०८०/०८१ को बार्षिक कार्यक्रम तथा बजेट तयारीको क्रममा रहेकाले एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (Integrated Educational Management Information System-IEMIS) मा विद्यालयबाट प्रविष्ट भएको विवरण सत्यापन गर्नु पर्ने भएको हुँदा IEMIS को वेबपेजमा राखिएको फारम **अध्यावधिक** गरिदिनुहुन र सो विवरणको प्रिन्टप्रति प्रमाणित गरी यस केन्द्रको शैक्षिक सूचना व्यवस्थापन शाखामा पठाइदिनु हुन निर्देशानुसार अनुरोध छ ।

**तपसिल**

१. https:// iemis.cehrd.gov.np मा स्थानीय तहको इमेल र पासवोर्ड प्रयोग गरी Log in गर्ने ।
२. Local Level मा Form मा Add मा Click गर्ने । Select year मा 2079 Select गर्ने । त्यसपछि स्क्रीनमा अनलाइन फाराम देखिन्छ ।
३. फारामलाई अध्ययन गरी अद्यावधिक गर्नुपर्ने विवरण तयार गर्ने ।
४. आधारभूत तह (कक्षा ६-८) र माध्यमिक तह (कक्षा ९-१०, ९-१२) सञ्चालित तर हालसम्म एउटा पनि स्वीकृत दरबन्दी वा राहत अनुदान कोटा प्राप्त नगरेका र एउटा मात्र स्वीकृत दरबन्दी वा राहत अनुदान कोटा प्राप्त गरेका विद्यालयहरुको अनुमति मिति सहितको विवरण तयार गर्ने। विवरण अद्यावधिक गर्दा विद्यालयको संख्या, सो संख्यापश्चात् विद्यालयको नाम (Select गरी) र आधारभूत तहको भए कक्षा ६ र माध्यामिक तह भए कक्षा ९ (कक्षा ११ र १२ सञ्चालित भए कक्षा ११ को समेत) को अनुमति कहिले प्राप्त गरेको हो सो मिति उल्लेख गर्ने।(अनुमति प्राप्त मिति अनिवार्य रुपमा उल्लेख गर्नुपर्ने)
५. सम्पूर्ण विवरण अद्यावधिक गरिसकेपछि Submit गरिदिने।
६. फाराममा उल्लेख भए अनुसारको विवरण IEMIS मा अद्यावधिक नभएको भए सो समेत अद्यावधिक गर्ने व्यवस्था मिलाउनु हुन ।

पुनश्चः उक्त विवरण २०७९ चैत्र ५ गते भित्र अनलाइनमा भरी Submit गरी दिनु हुन र उक्त फारामको प्रमाणित प्रति iemis@cehrd.gov.npमा पठाइदिनु हुन समेत अनुरोध छ ।

प्रविन बाबु भट्टराई
शाखा अधिकृत

**बोधार्थ**

श्री शिक्षा विकास तथा समन्वय इकाइ
(सबै): आवश्यक समन्वय एवम् सहजीकरण गर्नु गराउनु हुन।